# दर्ता तथा वितरण शाखाका कार्यहरु

दर्ता वितरण शाखा अन्तर्गतको मूल काउन्टरबाट रजिष्ट्री चिट्ठी पत्र र २ के.जी. सम्मका हुलाक वस्तु दर्ता, आन्तरिक EMS दर्ता (हाल ४७ जिल्लामा जाने गरेको) ,Book Post(५ के.जी. सम्मका) दर्ता, पत्रपत्रिका दर्ता, काठमाडौं महानगरपालिका र बुढानीलकण्ठ नगरपालिको वडा नं. १० र १२ मा Same day delivery हुने पत्र दर्ता, विदेशी हुलाक वस्तु चेकजाँच, खुद्रा टिकट विक्री लगायतका कार्यहरु गरिन्छ ।

वितरणतर्फ यस शाखाको कोठा नं. २० बाट पोस्ट वक्स नं. उल्लेख भएका २ के.जी. मुनिका साना पाकेट सम्बन्धित व्यक्तिलाई message, phone call, चिट्ठी पठाइ सम्बन्धित व्यक्ति सम्पकमा आए पश्चात  वितरण गर्ने गरिन्छ ।
कोठा नं. २२ बाट साधारण र रजिष्ट्री चिट्ठीपत्रहरु काठमाडौं महानगरपालिका र बुढानीलकण्ठ नगरपालिकाको वडा नं. १० र १२ मा सम्बन्धित विटमा हुलाक कर्मचारीहरु घरदैलोमा गई वितरण गरिन्छ ।
कोठा नं. २४क बाट आन्तरिक EMS वैदेशिक डाँक (रजिष्ट्री पत्र), वैदेशिक EMS, Same day पत्र काठमाडौं महानगरपालिका र बुढानीलकण्ठ नगरपालिको वडा नं. १० र १२ वितरण गरिन्छ ।
कोठा नं. २४ख बाट पोष्ट वक्स नं.उल्लेख भएका हुलाक वस्तु वितरण गर्ने कार्य गरिन्छ ।

त्यस्तै कोठा नं. १९ बाट पत्रिका दर्ता तथा नविकरण कार्य र FM को लाइसेन्स र इजाजत पत्रको नविकरणको अन्तिम अभिलेखीकरण गर्ने । Post restante वितरण कार्य गरिन्छ ।